बागमती प्रदेश सरकार

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय

# कृषि विकास निर्देशनालय

हेटौंडा, मकवानपुर

## उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुन निवेदन पेश गर्ने सूचना

(प्रकाशित मिति २०८२/०३/०९)

कृषि विकास निर्देशनालय, हेटौंडाको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको "उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान" कार्यक्रम कार्यान्वयनका लागि बीउ विजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन कार्यविधि, २०८१ मा व्यवस्था भए बमोजिम उन्नत बीउ उत्पादकबाट उत्पादित बीउ, विद्युतीय बीउविजन व्यवस्थापन प्रणाली (DESES) मार्फत प्रविष्ट गरी बिक्री भएको परिमाणको लागि मात्र प्रोत्साहन अनुदान उपलब्ध गराइने भएको हुँदा DESES प्रणाली मार्फत उन्नत बीउ उपलब्ध गराएका बीउ उत्पादक संस्था/फर्म/कम्पनीहरुबाट यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र (मिति २०८२/०३/१५ गते सम्म) कार्यालय समयमा तपसिल बमोजिमका कागजातसाथ निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।

आवश्यक कागजातहरु:

१. निवेदन सहितको विवरण फाराम
२. बीउबिजन कारोबार सम्बन्धी अनुमतिपत्रको प्रतिलिपि
३. संस्था/फर्म दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि
४. प्यान/भ्याटदर्ता प्रमाणपत्र र कर चुक्ताको प्रतिलिपी
५. स्रोत बीउ खरिद तथा ट्याग विवरण
६. खेत निरीक्षण प्रतिवेदन
७. सम्पूर्ण बीउ विश्लेषण प्रतिवेदन
८. लट प्रमाणीकरण गरिएको कागजात
९. उन्नत बीउ बिक्री भएको प्रमाणहरु (स्थानीय तहबाट माग भएदेखि आपूर्तिसम्मका प्रमाणहरु)

उल्लेखित कार्यविधिहरुमा स्पष्ट नखुलेका विषयहरु प्रचलित कानुन अनुसार हुनेछ।

नोटः विस्तृत जानकारीको लागि यस निर्देशनालयको सूचना पाटीमा टाँस गरिएको सूचना वा फोन नं. ०५७-५२०४६६/९८५५०८६३६१ मा सम्पर्क राख्नुहुन वा निर्देशनालयको वेबसाइट https://doad.bagamati.gov.np बाट सम्बन्धित कार्यक्रम संचालनका लागि तोकिएका कार्यविधि साथै निवेदन सहितको विवरण फाराम डाउनलोड गरी जानकारी लिन सक्नु हुनेछ।

निर्देशक